का.जि.प्र.का.द.नं. १००/०५९/६०

७ भदौ २०७९,
मंगलबार
23 August 2022,
Tuesday

मूल्य रु. ५/-

# मध्याह्न

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक १९९ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# प्रचण्ड–माधव फेरि सँगसँगै



०७४ को चुनावमा प्रचण्ड, केपी ओली र माधव नेपालहरुले एउटै घोषणा पत्र लिएर चुनाव लडेका थिए । यीमध्ये प्रचण्ड र माधव फेरि चुनावमा सँगसँगै जाने भएका छन- ०७४ मा जस्तै चुनाव चिन्ह फरक फरक, घोषणापत्र एउटै ।



"आसन्न निर्वाचनमा एउटै घोषणापत्र लिएर जाने सहमति जुटेको छ ।"

**नारायणकाजी श्रेष्ठ**
वरिष्ठ उपाध्यक्ष
नेकपा माओवादी केन्द्र

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ६ भदौ ।

नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी फेरि पनि चुनावमा संगसंगै जाने भएका छन । ०७४ को प्रदेश र प्रतिनिधिसभा चुनावमा प्रचण्ड, केपी ओली र माधव नेपालहरुले एउटै घोषणा पत्र लिएर चुनाव लडेका थिए । चुनाव लगत्तै पार्टी एकता गरेर नेपाल कम्युनिस्ट पार्टी नेकपा बनाए । तर, नेकपा एकता टिक्न सकेन । सर्वोच्च अदालतले पनि नाम सम्बन्धी विवादमा नेकपा एकता भंग हुने फैसला सुनाइदियो । त्यसपछि अलग अलग भएका प्रचण्ड, केपी ओली र माधव नेपालहरु फेरि जोडिन सकेका छैनन् ।

तर, तीनमध्ये प्रचण्ड र माधव नेपाल भने फेरि चुनावमा संगसंगै जाने भएका छन- ०७४ मा जस्तै चुनाव चिन्ह फरक फरक, घोषणापत्र एउटै । ओलीले एमाले हाँकिरहेकै छ । एमाले फुटाएर नेकपा एकीकृत समाजवादी बनाएका माधव नेपाल र प्रचण्डले नेतृत्व गरेको नेकपा माओवादी केन्द्रले पाँच दलीय सत्तागठबन्धनभित्रै तालमेल गर्ने भएका हुन ।

पार्टी एकताको नै गृहकार्य गरिरहेका माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीले तत्कालका लागि मंसिर ४ मा हुने निर्वाचनमा एउटै घोषणापत्र बनाउन लागेका हुन । यसका लागि सोमबार विहान प्रचण्ड र माधव नेपालसहित माओवादीका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ र नेकपा एकीकृत समाजवादीका महासचिव बेदुराम भुसालबीच छलफल भएको छ । उक्त छलफलमा नेताहरु एउटै घोषणापत्र लिएर निर्वाचनमा जान सहमत भएका हुन् ।

मंसिर ४ गते एकै चरणमा प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन हुँदैछ । पार्टी एकताको पहल गरिरहेका दुई पार्टीबीच एकता भने निर्वाचनपछि मात्रै हुने नेताहरु बताउँदछन् । माओवादी केन्द्रका वरिष्ठ उपाध्यक्ष श्रेष्ठ भन्छन्,'एउटै घोषणापत्र लिएर चुनावमा जाने सहमति

– बाँकी पृष्ठ २ मा

# एमालेलाई सन्देश दिने प्रयास

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ६ भदौ ।

नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव कुमार नेपालको सम्बन्ध थप नजिकिन थालेको छ । कुनै समय एक अर्काको तीव्र आलोचना गर्ने नेताद्वय अहिले पार्टी एकता गर्ने मनस्थितीमा समेत पुगेका छन् । जसले गर्दा आगामी प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनमा एउटै घोषणा पत्र बनाएर अघि जाने विषयमा समेत दुई नेता सकारात्मक देखिएका छन् । चुनाव अघि एकता गर्ने सम्भावना नदेखिएकाले एउटै घोषणा पत्र बनाउने र अहिले एकता संयोजन समिति घोषणा गरेर छलफललाई अघि बढाउनेमा नेताहरु एकजुट भएका छन् । अझ नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले त केही समयअघिबाटै पार्टीको नाम समाजवादी केन्द्र वा कम्युनिष्ट पार्टीमध्ये केही रहने घोषणा समेत गरिसकेका छन् ।

तर, नेताहरुले बाहिर भाषण गरेजस्तो पार्टी एकता भने सहज देखिदैंन । नेकपा एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनाल नै माओवादी केन्द्रसँग एकता गर्न नसकिने बताउँछन् । 'हतारपतारमा एकीकरण गरिहाल्नुपर्छ भन्ने छैन, हामी सँगसँगै हिँड्छौं र क्रमश: एकीकरणको विषयमा जान्छौं' उनले भने, पार्टीहरुको बीचमा वैचारिक, राजनीतिक, सैद्धान्तिक र लक्ष्यहरुका बीचमा एक रुपता भयो भने दुई वा दुईभन्दा बढी पार्टीहरु एक हुनसक्छन् ।' उनले माओवादीसँग वैचारिक निकटता देखिएपनि तत्काल पार्टी एकताको सम्भावना भने नरहेको बताएका छन् ।

उनीमात्रै होईन, अध्यक्ष नेपालले पनि पार्टीलाई अहिलेकै नेताकार्यकर्ताको बलबाट बलियो बनाउन नखोजेका भने होईनन्, तर उनीपछि नेतृत्व गर्ने वा पार्टीलाई बनाउने नेता नदेखिपछि प्रचण्डसँगको एकताका लागि सकारात्मक बनेका हुन् । त्यत्तिमात्रै होईन, एमाले अध्यक्ष ओलीलाई एक्लाएर बाँकी कम्युनिष्ट मिल्ने र बलियो पार्टी निर्माण गर्ने पनि उनको लक्ष्य देखिन्छ । ' अहिले अध्यक्ष नेपाललाई अप्ठेरो नै छ, फेरि चुनाव आउँदैछ, जनमत कम छ, तसर्थ पनि उहाँ माओवादी केन्द्रसँगको एकतालाई थप अघि बढाउन चाहाउनुभएको छ, उहाँले आफूपछि नेतृत्व गर्ने बलियो नेता पनि देख्नुभएको छैन, नेपाल निकट एक केन्द्रीय सदस्यले भने । उनले पार्टी एकता भइहाल्ने सम्भावना भने कम देखिएका बताएका छन् । हुनत, उनीहरुले बाबुराम भट्टराई, वामदेव गौतम र उपेन्द्र यादव लगायतका अन्य नेतालाई पनि एकताबद्ध गरेर जाने बताईरहेका छन् । तर, उनीहरुले चुनावी तालमेल र चुनावपछि एकता गर्ने विषय सहज भने देखिदैंन । यद्यपि, घट्दो जनमत र सिट सुरक्षित गर्न उनीहरु वामएकताको विषय उठाएर एमालेलाई पनि सन्देश दिन चाहिरहेका छन् ।

## कोभिड-१९ को जोखिम कम गर्ने उपायहरु

- सही तरिकाले मास्क लगाऔं ।
- कम्तिमा २ मिटरको दुरी कायम गरौं ।
- साबुनपानीले नियमित हात धुने वा स्यानिटाइजर प्रयोग गरौं ।
- हावा ओहोरदोहोर हुने स्थानमा बसौं ।
- अरूको व्यक्तिगत प्रयोगका सामग्री प्रयोग नगरौं ।
- कोभिड-१९ विरूद्धको खोप तथा बुष्टर डोज लगाऔं ।

*संक्रमण हुनबाट आफू पनि बचौं अरूलाई पनि बचाऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

निर्वाचन आचारसंहिता

# एमालेको ३७ बुँदे संशोधन सुझाव

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ६ भदौ ।

प्रमुख प्रतिपक्षी नेकपा एमालेले निर्वाचन आचारसंहिता, २०७९ माथि संशोधन गर्न ३७ बुँदे सुझाव पेश गरेको छ । जहाँ उम्मेदवारलाई चुनावी प्रचारमा असर नपरोस् भन्नेमा बढ्ता ख्याल गर्न खोजेको देखिन्छ । सोमबार निर्वाचन आयोगले दलहरुलाई आयोगकै कार्यालयमा बोलाएको थियो । जहाँ उपस्थित भएर ३७ बुँदे संशोधन सुझाव दिइएको एमालेका निर्वाचन विभाग उपप्रमुख निरज आचार्यले जानकारी दिए ।

एमालेले मुख्यत: निर्वाचनको मौन अवधि ४८ घण्टा घटाई २४ घण्टा बनाउन, उम्मेदवारको मनोनयनपत्र पेस गर्न जाँदा वा प्रचार प्रसारको लागि २५ जनाभन्दा बढीको जुलुस लान नपाइने लगायतको व्यवस्था हटाउन भनेको छ । गलत मनसायले नियतवश बालबालिकाको निर्वाचनमा प्रयोगलाई निषेध गर्नुपर्ने, निजी क्षेत्रमा कार्यरत पदाधिकारी तथा कर्मचारीलाई छुट्टै आचारसंहिता लागू नगराई आम मतदातालाई लागू हुने आचारसंहिता लागू गर्नुपर्ने एमालेको संशोधन सुझावमा रहेको छ । निर्वाचन आचारसंहिताले निर्वाचनको स्वच्छता, निष्पक्षता, पारदर्शिता, तटस्थताजस्ता पक्षमा ध्यान दिई निर्वाचन आचारसंहितालाई लागू गर्न सकिने बनाउनुपर्ने, लागू नहुने आचारसंहिता बनाएर सार्वजनितक खप गर्नुको अर्थ नहुने एमालेको सुझाव रहेको छ । साथसाथै एमालेले जुलुस, आमसभा, कोणसभा, बैठक, भेलाको जानकारी स्थानीय प्रशासनलाई गराउनुपर्ने व्यवस्था गर्नुपर्ने, अनुमति भन्ने जस्ता प्रावधान हटाउन माग गरेको छ । आचारसंहितामा मुख्य प्रचारको संख्या तोक्नु नहुने, बरु मुख्य प्रचारक को-को हुने भन्ने जानकारी निर्वाचन आयोगलाई गराउन सकिने एमालेको सुझाव छ ।

एमालेले सञ्चार माध्यमलाई समेत आचारसंहिताले बाध्नुपर्नेमा जोड दिएको संचार प्रतिष्ठान, सम्बद्ध कर्मचारी तथा पत्रकारले कुनै राजनीतिक दल वा उम्मेदवारको बढी र कुनै राजनीतिक दल वा उम्मेदवारको कम स्थान दिई कार्यक्रम, समाचार, विचार प्रवाह नगरी समानुपातिक र सन्तुलित गर्नुपर्ने भनी आचारसंहितामा लेखिनुपर्ने र त्यसो नगरे आयोगले अनुगमन गरी खबरदारी गर्नुपर्ने एमालेको प्रस्ताव रहेको छ ।

यसैगरी, जिल्ला आचारसंहिता अनुगमन समितिको संयोजकका मुख्य निर्वाचन अधिकृत राख्नुपर्ने, डिजिटल, अनलाइन, छापा, श्रव्यदृश्य सञ्चारमाध्यमको सुक्ष्म अनुगमन गर्न विशेष इकाई गठन गर्नुपर्ने, मत सदर बदर भए उपरको

– बाँकी पृष्ठ २ मा

# शून्य लागतमा नेपाली स्वास्थ्यकर्मी बेलायत लैजान सम्झौता, पुरूष पनि जान पाउने

**अशोक घिमिरे/रासस**
काठमाडौं, ६ भदौ

श्रम गन्तव्यको विविधीकरण र नेपाली युवालाई उच्च पारिश्रमिक भएको मुलुकमा रोजगारीका अवसर उपलब्ध गराउने ध्येयका साथ सरकारले बेलायतसँग द्विपक्षीय श्रम समझदारी गरेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शेरबहादुर कुँवरको उपस्थितिमा सोमबार नेपाल र बेलायतबीच बेलायतको स्वास्थ्य क्षेत्रमा नेपाली स्वास्थ्यकर्मीलाई रोजगारी प्रदान गर्नेसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

सो समझदारीपत्रमा श्रम सचिव एकनारायण अर्याल र नेपालका लागि बेलायती राजदूत निकोला पोलिटले हस्ताक्षर गरे । समझदारीबाट नेपाली स्वास्थ्यकर्मीलाई बेलायतको स्वास्थ्य क्षेत्रमा रोजगारीमा संलग्न हुने अवसर मिलेको छ । यसबाट नेपालको स्वास्थ्य क्षेत्रमा संलग्न जनशक्तिको विकासमा मद्दत पुग्ने विश्वास लिइएको छ ।

बेलायतसँग श्रम समझदारी सम्पन्न भएसँगै रोजगार गन्तव्यको विविधीकरणमा नयाँ कोशेढुङ्गा थपिएको छ । नेपालको वैदेशिक रोजगारीका दायरा खाडी र मलेसियालगायत मुलुकमा सीमित थियो । वैदेशिक रोजगार विभागका अनुसार मलेसिया, कतार, संयुक्त अरब इमिरेट्स, साउदी अरेबिया र कुवेतले वैदेशिक रोजगारीको ९० प्रतिशत हिस्सा ओटगेका छन् ।

वैदेशिक रोजगार नीति, २०६८ ले रोजगार गन्तव्यको विविधीकरण गर्दै नेपालीलाई उच्च आय भएका मुलुकमा रोजगारी उपलब्ध गराउने विषयलाई जोड दिएको छ । पछिल्ला वर्ष सरकारले उच्च आय भएको मुलुकसँग समझदारी गरी नेपाली युवालाई रोजगारीको अवसर उपलब्ध गराउँदै आएको छ । सरकारले

– बाँकी पृष्ठ २ मा



वैदेशिक रोजगार विशेष

## बोर्डको कार्यकारी निर्देशकमा डा. उप्रेती नियुक्त



काठमाडौं/मस- वैदेशिक रोजगार बोर्डको कार्यकारी निर्देशकमा डा. द्वारिका उप्रेती नियुक्त भएका छन् । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले उक्त पदमा नियुक्तिका लागि निर्मलकुमार उप्रेती र युवराज बस्नेतसहित उप्रेतीको नाम सिफारिस गरेको थियो ।

सोमबार बसेको मन्त्रिपरिषद् बैठकले डा. उप्रेतीलाई बोर्डको कार्यकारी निर्देशक नियुक्त गरेको हो । मन्त्रालयले बोर्डको कार्यकारी निर्देशकका लागि जेठ २० गते सूचना प्रकाशित गरेको थियो ।

# दलहरूको प्रतिबद्धता

४ मंसिरमा हुने प्रदेश र प्रतिनिधिसभाको चुनावमा निर्वाचन आचारसंहिता पूर्ण रुपमा पालना गर्ने राजनीतिक दलहरुको प्रतिवद्धता छ । उस्तै गरी दलहरुले आचारसंहित पालना भए/नभएको अनुगमन गर्न पनि निर्वाचन आयोगलाई भनेका छन् ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ६ भदौ ।

निर्वाचन आयोगले सोमवार राजनीतिक दलका प्रतिनिधिहरूलाई निर्वाचन आयोगको कार्यालयमा बोलाएको थियो । जहाँ ४ मंसिरमा हुने प्रदेश र प्रतिनिधिसभाको चुनाव केन्द्रीत आचारसंहिताको विषयमा छलफल भयो । छलफलमा सहभागी राजनीतिक दलका प्रतिनिधिहरुले चुनावका बेला निर्वाचन आचारसंहिता पूर्ण रुपमा पालना गर्ने प्रतिवद्धता जनाएका छन । उस्तै गरी दलहरुले आचारसंहित पालना भए/नभएको अनुगमन गर्न पनि निर्वाचन आयोगलाई भनेका छन ।

छलफलपछि बिभिन्न राजनीतिका दलका नेताहरुले आफुहरुले निर्वाचन आचार संहितालाई पूर्णरुपमा पालना गर्न तयार रहेको बताएको र निर्वाचन आयोगलाई आचारसंहिता पूर्णरुपमा कार्यान्वयन गराउनका लागि अनुगमन गर्न सुझाव दिएको प्रतिक्रिया दिए । साथसाथै प्रस्तावित आचारसंहिताका कतिपय प्रावधानहरुमाथि दलका प्रतिनिधिहरुले नेताहरुले बिरोध जनाएको बताएका छन ।

सरकारको नेतृत्वकर्ता दल नेपाली काँग्रेसका नेता जीवन परियार भन्छन्, 'निर्वाचन प्रचार प्रसारको क्रममा सामाजिक सञ्जाललाई धेरै बन्देज लगाउनु हुँदैन । प्रधानमन्त्री, मन्त्रीहरु, मुख्यमन्त्री र मन्त्रीहरु आफ्नो निर्वाचन क्षेत्रभन्दा अन्य क्षेत्रमा जान नपाउने भनेर आयोगले ल्याएको प्रावधान पनि अलोकतान्त्रिक, संविधान र कानूनको खिलाफ छ । यस्ता विषय सच्याउनुपर्छ ।'

नेकपा (एकीकृत समाजवादी) का नेता डा. गंगालाल तुलाधर भन्छन्, 'निर्वाचनको अनुगमन सरकारी

– बाँकी पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
७ भदौ २०७९, मंगलबार
23 August 2022, Tuesday

### प्रचण्ड...

जुटेको छ ।' तर, चुनावअघि पार्टी एकता नहुने एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल बताउँछन् । उनी भन्छन्, 'एकताको थालनी तत्काल हुन्छ । त्यसमा एकता संयोजन समिति त बन्ने नै भयो । त्यो हाम्रो पार्टीले निर्णय नै गरेको विषय भयो । केही दिनमा दुवै दलका तर्फबाट सदस्यहरु तोकिन्छन् । तर, चुनावअघि पार्टी एकता नै भने हुँदैन ।'

### निर्वाचन...

पुनरावेदकीय अधिकारबाट बञ्चित हुने प्रावधान हटाउनुपर्ने र निर्वाचन आचारसंहिता पालना नगरेको विरुद्ध दिइने उजुरीको ढाँचालाई अनिवार्य गर्न नहुने व्यवस्थाका लागि समेत एमालेको संशोधन सुझाव पेश भएको छ ।

### शून्य...

यसअघि खाडी र मलेसियाबाहेक उच्च आय भएका इजरायल, जापान, मरिससलगायत देशसँग श्रम समझदारी गरेको छ । दुई देशबीच भएको समझदारीअनुसार बेलायतको स्वास्थ्य सेवामा कार्यरत रहँदा नेपाली स्वास्थ्यकर्मीको सेवासुविधा र अधिकार बेलायती स्वास्थ्यकर्मी सरह हुने व्यवस्था मिलाइएको छ । नेपाली स्वास्थ्यकर्मीको छनोट, पदस्थापना र सेवा सुविधासम्बन्धी मापदण्ड छलफलमै रहेको र कार्यान्वयन ढाँचा (इम्प्लिमेन्टेसन प्रोटोकल) अनुसार हुनेगरी द्विपक्षीय सहमति भएको मन्त्रालयका सहप्रवक्ता डा थानेश्वर भुसालले जानकारी दिए ।

वैदेशिक रोजगार विभाग र बेलायतको स्वास्थ्य तथा सामाजिक हेरचाह विभागबीच आवश्यक समन्वयबाट स्वास्थ्यकर्मीको भर्ना प्रक्रिया अगाडि बढ्नेछ । भर्ना प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन दुवै देशका सरकारी निकायको सहभागितामा कार्यान्वयन प्रोटोकल तय गरिने समझदारी बनेको छ । 'स्वास्थ्यकर्मीको छनोट र पदस्थापना नेपालको वैदेशिक रोजगार विभाग तथा बेलायतको डिपार्टमेन्ट अफ हेल्थ एण्ड सोसियल केयर वा तोकिएको निकायको प्रत्यक्ष संलग्नतामा सरकारी प्रक्रियाबमोजिम हुनेछ,' समझदारीपश्चात् जारी संयुक्त प्रेस वक्तव्यमा भनिएको छ ।

स्वास्थ्यकर्मीको भर्ना प्रक्रियासँग सम्बन्धित सम्पूर्ण जानकारी श्रम मन्त्रालयको वेभसाइटमा राखिनेछ । बेलायत रोजगारीका लागि आवश्यक योग्यता पुगेका व्यक्तिले अनलाइमार्फत वैदेशिक रोजगार विभागमा आवेदन दिन सक्नेछन् । समझदारीले जनशक्तिको भर्नाका लागि तेस्रो पक्षको संलग्नतालाई अस्वीकार गरेको छ । स्वास्थ्य जनशक्तिको भर्ना प्रक्रियामा तेस्रो पक्षको संलग्नता हुने छैन । रोजगारीका लागि बेलायत जान चाहनेले सम्बन्धित सरकारी निकायमा सम्पर्क गर्नुपर्नेछ । तोकिएको योग्यता पुगेका महिला तथा पुरुष सबैले आवेदन गर्न सक्नेछन् । सबैका लागि समान अवसर प्रदान गरिएको छ । दुई देशबीच भएको समझदारीअनुसार भर्ना प्रक्रियालाई निष्कर्षमा पुर्याउन प्रोटोकल निर्माण गरिने जनाइएको छ । बेलायत रोजगारीका लागि नेपाली स्वास्थ्यकर्मीको निश्चित योग्यता हुनुपर्ने व्यवस्था गरिएको छ ।


रोजगारीका लागि बेलायत जान चाहने नेपाली राहदानीबाहक स्वास्थ्यकर्मीको उमेर २० देखि ४५ वर्ष बीचको हुनुपर्नेछ । त्यस्ता जनशक्तिले निश्चित शैक्षिक योग्यता प्राप्त गरेको हुनुपर्नेछ । स्टाफ नर्सका रुपमा काम गर्दै आएको, नर्सिङमा स्नातक उत्तीर्ण वा नेपाल सरकारबाट मान्यता प्राप्त संस्थाबाट नर्सिङमा स्नातकोत्तर भएको हुनुपर्नेछ । नेपाल नर्सिङ काउन्सिलबाट व्यावसायिक लाइसेन्स लिएको र कम्तीमा दुई वर्षको अनुभव भएका व्यक्तिले आवेदन दिन सक्नेछन् । अंग्रेजी भाषामा दक्ष हुनुपर्नेछ । अंग्रेजी भाषा परीक्षामा कम्तीमा ६.५ नम्बर ल्याउनुपर्नेछ । छनोट चरण उत्तीर्ण गर्ने व्यक्तिले कुनै पनि शुल्क तिर्नुपर्ने छैन । शून्य लागतमा स्वास्थ्य क्षेत्रका जनशक्ति बेलायतमा रोजगारीका लागि जान पाउनेछन् ।

समझदारीअनुसार नेपाली स्वास्थ्यकर्मीलाई बेलायतको स्वास्थ्य सेवामा सुरक्षित, मर्यादित र व्यवस्थित तवरले रोजगारीमा संलग्न हुने व्यवस्था मिलाइने सहप्रवक्ता भुसालले जानकारी दिए । विश्व स्वास्थ्य संगठनको हेल्थ वर्कर सपोर्ट एण्ड सेफगार्ड लिष्ट दुई हजारमा नेपाल समावेश रहेको अवस्थालाई मध्यनजर गरी स्वास्थ्यकर्मीको संख्या र प्रकारका सम्बन्धमा दुवै सरकारले संयुक्त निर्णय गर्ने समझदारी बनेको उनले बताए । नेपालको स्वास्थ्य क्षेत्रको विकास र सुदृढीकरणमा बेलायत सरकारको योगदान रहँदै आएकामा आगामी दिनमासमेत स्वास्थ्य क्षेत्रको निरन्तर सुदृढीकरण र आधुनिकीकरणमा सहयोग जारी हुने संयुक्त वक्तव्यमा जनाइएको छ । नेपाली स्वास्थ्यकर्मीको नियुक्ति प्रक्रियाका लागि कुनै पनि शुल्क नलाग्ने एवं रोजगारीका लागि छनोट भएका स्वास्थ्यकर्मीको लागत शोधभर्ना हुने उनले बताए । श्रमसचिव अर्यालले नेपालमा केही स्वास्थ्यकर्मी (नर्स) बेरोजगार रहेको र केही अत्यन्त न्यून पारिश्रमिकमा काम गर्न बाध्य रहेको अवस्थामा दुई देशबीच भएको ऐतिहासिक समझदारीले स्वास्थ्यकर्मी बेरोजगार बन्नुपर्ने अवस्थाको अन्त्य गरेको बताए । स्वास्थ्य मन्त्रालय, मेडिकल काउन्सिललगायत निकायसँग छलफल गरेर मात्रै बेलायत रोजगारीमा पठाइने जनशक्तिको सङ्ख्या टुङ्गो लगाइने उनले जानकारी दिए ।

### दलहरुका ...

संयन्त्रमार्फत नगरी न्यायाधीशहरुमार्फत गर्ने व्यवस्था उपयुक्त हुन्छ । यसो गरिए आचारसंहिता पालना गर्न दलहरु इमान्दार हुन सक्छन् ।' जनता समाजवादी पार्टी (जसपा) का नेता प्रकाश अधिकारी भन्छन्, 'आचारसंहितालाई कडाइका साथ पालना गर्न निर्वाचन आयोग सक्षम हुनुपर्छ । यसअघिका निर्वाचनहरुमा कडाइका साथ पालना हुन सकेको छैन । आगामी निर्वाचनमा पनि आचारसंहिता पालना हुन सक्नेमा शंका छ ।' सरकारले आगामी ४ मंसिरमा प्रदेश र प्रतिनिधिसभाको चुनाव घोषणा गरेको छ । सोही चुनाव केन्द्रीत रहेर निर्वाचन आयोगले आचारससिंहिता तयार पारेको छ । तयार आचारसंहिताको मस्यौदा राजनीतिक दलहरुलाई औपचारिक रुपमा दिँदै आयोगले दलहरुबाट आचारसंहितामा प्रतिवद्धता माग्न सोमबार आयोगकै कार्यालयमा बोलाएको हो । आयोगले बोलाएको कार्यक्रममा गएर राजनीतिक दलका नेताहरुले आचारसंहिताको पूर्ण पालना गर्ने प्रतिवद्धता जनाएका हुन् । तर, राजनीतिक दलहरुको प्रतिवद्धता र व्यवहार विगतमा कहिल्यै नमिलेका कारण आम नागरिक नै चनाखो हुनुपर्नेमा कतिपयको जोड रहँदै आएको छ ।

# एक हप्ताभित्र फोहोर व्यवस्थापन गर्न निर्देशन



**काठमकाडौं/मस-** काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र शाहले उपत्यकाको फोहोर व्यवस्थापन गर्न सहभागी निजी कम्पनीलाई आगामी एक हप्ताभित्र यसअघि थुपारिएको सबै फोहोरको अन्तिम व्यवस्थापन गर्न निर्देशन दिएका छन् । काठमाडौंका ३२ वडामध्ये मुख्य नौ वडाबाहेक अन्यमा निजी कम्पनीको सहकार्यमा फोहोर व्यवस्थापन हुँदै आएको छ । फोहोर वर्गीकरण योजना भने ३२ सै वडामा लागू गरिएको छ ।

हाल कामपाको फोहोर व्यवस्थापन गर्ने स्थानमा विसर्जनको काम भइरहेको भए पनि निजी कम्पनी सहभागी भएका स्थानमा फोहोर उठ्ने सुरसार नै नभएपछि प्रमुख साहले निजीलाई आगामी एक हप्ताभित्र फोहोर बञ्चरेडाँडा लैजानका लागि निर्देशन दिएका हुन् ।

उपत्यकामा क्षेत्र छुट्याएर महानगर र निजी क्षेत्रले फोहोर उठाउँदै आएको छ । फोहोर उठाउन नागरिकबाट पैसासमेत असुल गर्ने गरिएको छ । निजी क्षेत्र पैसा असुल गर्ने धन्दामा मात्र लागेको र नागरिकप्रति जिम्मेवार नभएका कारण सबै स्थानमा नियमितरुपमा फोहोर व्यवस्थापन हुन नसकेको आरोप छ । आफूले लिएको जिम्मेवारी पूरा नगरेको भन्दै नियमित फोहोर व्यवस्थापन नगर्ने निजी कम्पनीलाई कामपाले कारबाहीको प्रक्रिया अघि बढाउने चेतावनीसमेत दिएको दिएको छ ।

कामपा एक्लैले व्यवस्थापन गर्दै आएका स्थानमा गत मङ्गलबारदेखि नियमितरुपमा उपत्यकाको फोहोर व्यवस्थापन गर्न थालेसँगै कलङ्की, कालीमाटी, बल्खु, टेकुलगायतका स्थानको फोहोरको अन्तिम व्यवस्थापनको काम सकिएको छ भने सडक सफा भएका छन् । फोहोर व्यवस्थापनकै कारण दुई महिनादेखि बन्द रहेको कालीमाटी तरकारी बजारको मुख्य प्रवेशद्वार सञ्चालमा आएको छ । लामो समयदेखि काठमाडौंका १८ स्थानीय तहको फोहोर व्यवस्थापन हुन नसक्दा सडक, चोकमा थुपारिएको फोहोरको डङ्गुरले दैनिकीमा नै समस्या भएको थियो । कालीमाटी तरकारी बजार प्रवेश गर्ने स्थानमा फोहोरका कारण आवतजावत बन्द थियो ।

दुई महिनादेखि विसर्जन हुन नसकेको उपत्यकाको फोहोर व्यवस्थापनका सम्बन्धमा गत साता काठमाडौं, धादिङ र नुवाकोटका प्रमुख जिल्ला अधिकारी, सिसडोल र बञ्चरेडाँडाका स्थानीयबीच भएको चारबुँदे सहमतिपछि बिहीबारदेखि साविकबमोजिम फोहोर व्यवस्थापन कार्य हुन थालेको हो ।

साविकबमोजिम फोहोर व्यवस्थापनका लागि स्थानीयले अवरोध नगरे, पानी परेर बाटो बन्द नभए आगामी एक सातामा यसअघि थुप्रिएको सबै फोहोर अन्तिम व्यवस्थापन स्थलसम्म लगिने कामपा वातावरण विभाग प्रमुख सरिता राईले जानकारी दिइन् । हाल कामपासहित अन्य १७ स्थानीय तहको फोहोरको अन्तिम व्यवस्थापन बञ्चरेडाँडामा हुने गरेको छ ।

पेचिलो सवाल बन्दै आएको सङ्घीय राजधानी काठमाडौं उपत्यकाको फोहोर व्यवस्थापन वर्ष बित्दै जाँदा थप चुनौती बन्दै गएकाले कामपाले कुहिने फोहोरलाई यहीँ नै व्यवस्थापन गर्नका लागि स्थान पहिचानको काम भने गरिरहेको जनाएको छ ।

हरेक दिन उपत्यकाबाट एक हजार २०० मेट्रिकटन फोहोर उत्पादन हुने गरेको छ । त्यसमध्ये सबैभन्दा बढी कामपाको ५०० मेट्रिकटन रहेको छ । यसअघि पनि लामो समय फोहोर जमा भएर बसेको हुनाले अहिले दैनिक ३०० गाडीले अन्तिम व्यवस्थापनका लागि बञ्चरेडाँडा लाने गरेका छन् ।

# अन्डर ग्राउण्ड पार्किङ खुलाउदै महानगर

**काठमाडौं/मस-** नयाँ बानेश्वरको बानेश्वर कम्प्लेक्सको अन्डर ग्राउण्ड पार्किङ खुलाउन महानगरले नगर प्रहरी परिचालन गरेर भत्काएको छ । अन्डरग्राउण्ड पार्किङ छोपेर पसल सञ्चालन गरिरहेको उक्त व्यापारिक भवनमा पार्किङ खुलाउन मेसिन प्रयोग गरेर संरचना भत्काएको हो ।

महानगरले भवनको नक्सा पास गर्दा राखेको अन्डरग्राउण्ड पार्किङलाई अन्य प्रयोजनमा नलगाउन व्यापारीहरुलाई आग्रह गर्दै ३५ दिने सूचना जारी गरेको थियो । उक्त म्याद सकिएपछि बानेश्वर क्षेत्रमा व्यापारिक भवनहरुको अन्डरग्राउण्ड पार्किङको अनुगमन गर्न बालेन आफैं खटिएका थिए ।

धेरै व्यापारिक भवनहरुले अन्डरग्राउण्ड पार्किङलाई पसलका रुपमा भाडामा लगाउने गरेका छन् । जसले गर्दा मुख्य शहरी क्षेत्रमा फुटपाथमै पार्किङ गर्ने क्रम बढेको छ ।

# ६५८ जनामा कोरोना संक्रमण



**काठमाडौं/मस-** सोमबार ६५८ जना संक्रमित भएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसारमा हजार छ सय ४३ परीक्षणमध्ये सो संख्यामा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएको हो ।

पछिल्लो २४ घण्टामा सक्रिय संक्रमितको सङ्ख्या चार हजार दुई सय ९६ पुगेको छ । कोरोना भाइरसबाट स्वास्थ्य लाभ लिई चार सय ५६ जना घर फर्किएका छन् । यस अवधिमा कोरोना भाइरसको सङ्क्रमणबाट एक जनाको निधन भएको छ । अहिलेसम्म ११ हजार नौ सय ९३ जनाको कोरोना भाइरस सङ्क्रमणबाट निधन भइसकेको छ ।

पाँच सयभन्दा बढी संक्रमित भएका जिल्ला काठमाडौं र ललितपुर तथा संक्रमित शून्य भएका जिल्ला मनाङ, मुस्ताङ, कालिकोट, मुगु र डोल्पा रहेका छन् । हाल होम आइसोलेसनमा चार हजार एक सय ३४, संस्थागत आइसोलेसनमा एक सय ६२, सघन उपचार कक्ष (आइसियु)मा ५० र भेन्टिलेटरमा एक जनाको उपचार भइरहेको छ । विगत २४ घण्टामा ३८ हजार १५ जनाले कोरोना भाइरस विरुद्धको खोप लगाएका छन् ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**
यस कार्यालयमा मिति २०७५/०३/११ मा दर्ता भएको **प्रा.लि. नं. १९२३७८** को **शिव चण्डेश्वरी रियल स्टेट प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसंग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**
तेस्रो पटक प्रकाशित मिति २०७९/०५/०७
यस कम्पनीको मिति २०७९/०३/०७ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साबिक कम्पनी **नवपुर चिल्ड्रेन होम ईङगलिश मिडियम स्कुल काठमाडौं प्रा.लि. (प्रा.लि. नं. १३३५१६)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०४/१५ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **पिक प्वाईन्ट पब्लिक स्कुल काठमाण्डौ प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**
दोस्रो पटक प्रकाशित मिति २०७९/०५/०७
यस कम्पनीको मिति २०७९/०४/१५ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साबिक कम्पनी **विश्वमोहनी टुर्स एण्ड ट्राभल्स प्रा.लि. (प्रा.लि. नं. २७५२२१)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिबर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०४/३१ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **अल डे टुर्स एण्ड ट्राभल्स प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**
**प्रथम पटक प्रकाशित मितिः २०७९/०५/०७**
**नेपाल स्विट्स एण्ड लञ्च बक्स प्रा.लि.**को मिति २०७६/०५/०५ गतेमा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **डिब्बावाला नेपाल प्रा.लि. (प्रा.लि. नं. १९५७६७)** कायम गर्ने गरी मिति २०७६/०५/१८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मोटरसाईकल हराएको सूचना**
मिति २०७९/०४/२९ गते राति ललितपुर जिल्ला, गोदावरी न.पा., वडा नं. १२, ठेचो स्थित घर अगाडी पार्किङ गरि राखेको बागमती कर्णाली प्रदेश ०२००१ प ३१०९ नम्बरको **Yamaha FZ 2019 Model, 150cc** को निलो रङको मोटरसाईकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा तलको नम्बरमा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।
च्यासिस नं : ME1RG445AK0068422
इन्जीन नं : G3J3E0501135
सवारी धनी : मिलन अधिकारी
ठेगाना : पञ्चदेवल विनायक न.पा.–३, अछाम

**बहराइनमा रोजगार** | कम्पनीः ABDUL HADI AL-AFOO W.L.L. शहरः MANAMA
पुर्व स्वीकृत मितिः २०७८/१०/२६ चलानी नं.: ६०१७४२२६ LT. No.: 257742 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Eletrician | 2 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ४०,३६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Excavator Operator | 3 | 0 | | 150 | ५०,४५८ | | | | | | | |
| 3. | Haib / Trialer Operator | 3 | 0 | | 150 | ५०,४५८ | | | | | | | |
| 4. | Mason | 4 | 0 | | 120 | ४०,३६६ | | | | | | | |
| 5. | Mechanic | 3 | 0 | | 150 | ५०,४५८ | | | | | | | |
| 6. | Safety Officer | 2 | 0 | | 250 | ८४,०९७ | | | | | | | |
| 7. | Security | 5 | 0 | | 150 | ५०,४५८ | | | | | | | |
| 8. | Shuttering Carpenters | 6 | 0 | | 120 | ४०,३६६ | | | | | | | |
| 9. | Welder | 3 | 0 | | 130 | ४३,७३० | | | | | | | |
| 10. | Worker | 5 | 0 | | 100 | ३३,६३९ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७९ भदौ १४ गते (30 August 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**Euro-Asia Employment Service Pvt. Ltd.** Govt. Lic: 548/062/63
Mitrapark-7, Chabahil, Kathmandu, Tel : 01-4494197

Province Government
Lumbini Province
Ministry of Physical Infrastructure Development
Road Infrastructure Directorate
**Road Infrastructure Development Office,**
**Banke, Nepal**

## Invitation for Bids

**IFB No : 01-079/080**
**(First date of Publication: 07 Bhadra, 2079 (2022-08-23)**

1. Road Infrastructure Development Office, Banke invites **only electronic bids** from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for the construction of the contract mentioned in table below :
   **Information to deposit the cost of bidding document in bank:**
   **Name of the Bank: Rastriya Banijya Bank;**
   **Name of Office:Road Infrastructure Development Office, Nepalgunj, Banke.**
   **Office Code Number: 3370157015;**
   **Office Account Number: 1000100200010000**
   **Rajaswa Shirshak (revenue) Number: 14229**
2. Last Date of Bid Purchase and Submission: **On or before 12:00 hrs of 06th Asoj 2079 (22th Sep 2022) for NCB & 22th Bhadra 2079 (07th Sep 2022) For SQ**

| S. N. | Name of Works | Contract ID | Estimated Amt. With VAT & PS | Bid Doc. Fees | Bid Security Amt.NRs | Type of Bidding |
|---|---|---|---|---|---|---|
| 1 | Blacktop work at Fattepur Sonpur H.P.Gabisa office Gadahawa piprahawa Gangapur Materiya Hukaki sadak | RIDO/BANKE/ ROAD/W/ NCB/01/079-80 | 38,43,548.30 | NRs. 3000.00 | 1,00,000.00 | NCB |
| 2 | Blacktop work at Idgaha dekhi Lalpur Bagaura jodne sadak | RIDO/BANKE/ ROAD/W/ NCB/02/079-80 | 71,96,998.89 | NRs. 3000.00 | 1,80,000.00 | NCB |
| 3 | Blacktop work at Sutaiya Naubasta Bankatawa Rangila khajura Gapa 1 Hulaki sadak dhaulagiri c gau radhapur hudai janaki shivapuri road | RIDO/BANKE/ ROAD/W/ NCB/03/079-80 | 33,57,937.78 | NRs. 3000.00 | 85.000.00 | NCB |
| 4 | Blacktop work at Gaughat-Mangalpur Godana Sonbarsa Titiriya hudai Baijanath Ga.Pa. Godne Road | RIDO/BANKE/ ROAD/W/ NCB/04/079-80 | 47,97,278.95 | NRs. 3000.00 | 1,21,000.00 | NCB |
| 5 | RCC drain Work at Sitapur Radhapur Pulchowk PCO Road | RIDO/BANKE/ ROAD/W/ NCB/05/079-80 | 67,19,274.72 | NRs. 3000.00 | 1,70,000.00 | NCB |
| 6 | R.C.C Drain Construction work at Mahendra highway-uttar Gauridada hudai Baijanath gapa 4 | RIDO/BANKE/ ROAD/W/ SQ/06/079-80 | 17,72,026.81 | NRs 1000.00 | 45,000.00 | SQ |
| 7 | Blacktop work at Naubasta Pani Tank Naulapur Hudai Madanchowk Road | RIDO/BANKE/ ROAD/W/ SQ/07/079-80 | 19,17,501.19 | NRs. 1000.00 | 50,000.00 | SQ |
| 8 | Gravelling work at Gaughat Bhanu Bhakta chowk dekhi Dachhin Punyasil ko ghar hudai 87 no chowk samma | RIDO/BANKE/ ROAD/W/ SQ/08/079-80 | 9,51,437.37 | NRs. 1000.00 | 25,000.00 | SQ |
| 9 | RCC drain & Gravelling Work at nepalgunj 10 Malikanagar | RIDO/BANKE/ ROAD/W/ SQ/09/079-80 | 9,56,383.10 | NRs. 1000.00 | 25,000.00 | SQ |
| 10 | Blacktop work at k Gau chowk dekhi purba Jalpokhari khaireni dada Road | RIDO/BANKE/ ROAD/W/ SQ/10/079-80 | 19,11,299.65 | NRs. 1000.00 | 50,000.00 | SQ |

3. Addendum (if any), Information on Pre-bid meeting, Letter of Intent, Letter of Acceptance or any other documentation/notification pertaining to this procurement notice and that must be disclosed to the bidders as per prevailing rules and regulations will be uploaded in E-procurement section of PPMO's web Site http://www.bolpatra.gov.np/egp. and also e-mailed to the bidders. So, the bidders must mention in their bids the correct email addresses which are presently in use. No more publication, after this, will be made in National newspaper, whatsoever.

# मिटरब्याजीविरुद्ध देशभरबाट १,८३२ उजुरी



**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ भदौ

देशभरबाट १८ सय ३२ मिटरब्याज पीडितले उजुरी दिएका छन्। गृह मन्त्रालयले गठन गरेको कार्यदलमा सोमबारसम्म परेको उजुरीमा सबैभन्दा बढी मधेश प्रदेशका छन्।

मधेशमा एक हजार ६९ जनाले उजुरी दिएका छन् । यो कुल उजुरीको ५८ प्रतिशत भएको कार्यदलका संयोजक सहसचिव भीष्मकुमार भुसालले बताएका छन् । उनका अनुसार मधेशपछि बाग्मती प्रदेशको ३५८, लुम्बिनीको २११, प्रदेश १ को ९२, सुदूरपश्चिमको ४५, गण्डकीको ३५ र कर्णाली प्रदेशको २२ वटा उजुरी परेका छन्।

साहुले चर्को व्याजमा ऋण दिने र नतिरको भन्दै घर र जग्गा नै हडपेपछि पीडितले काठमाडौंको माइतीघर मण्डलामा आएर पटकपटक प्रदर्शन गरेपछि सरकारले गृह मन्त्रालयका सह-सचिव भुसालको नेतृत्वमा कार्यदल गठन गरेको थियो । कार्यदलले देशभरबाट मिटरब्याज पीडितलाई उजुरी दिन आह्वान गरेको थियो ।

कार्यदलले जिल्ला प्रशासन कार्यालयमार्फत उजुरी संकलन गरेको थियो। कार्यदल संयोजक भुसालका अनुसार अझै केही जिल्लाबाट विवरण आउन बाँकी छ ।

कार्यदलले आइतबारसम्म मिटरब्याजीबारे उजुरी दिन समयसीमा तोकेको थियो ।

कार्यदलमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोका प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) दिनेश आचार्य, गृह मन्त्रालयका कानून उपसचिव श्रीकृष्ण पौडेल, नेपाल प्रहरीको उपत्यका अपराध अनुसन्धान कार्यालय बानेश्वरमा कार्यरत प्रहरी उपरीक्षक (एसपी) कृष्णप्रसाद कोइराला र राष्ट्रिय अनुसन्धान विभागका उप-अनुसन्धान निर्देशक मुकुन्द मरहट्टा सदस्य छन् ।

कार्यदलको सदस्य सचिव सीआईबीका डीएसपी रोशन खड्कालाई तोकिएको छ । कार्यदललाई मिटरब्याजको समस्या बढी भएका जिल्लामा स्थलगत भ्रमण गरेर समस्यका कारण र समाधानका उपायको पहिचान गर्ने जिम्मेवारी छ ।

कार्यदललाई एक महिनाभित्र प्रतिवेदन बुझाउन भनिएको छ ।

**ससुराली घरबाट ७१ लाख बढीको कपाली तमसुक बरामद**

महोत्तरी जिल्ला प्रहरी कार्यालयले पक्राउ गरेको जिल्लाको मिटर ब्याजी अनुरुद साहको ससुराली घरबाट रु एकहत्तर लाखभन्दा बढीको कपाली तमसुक बरामद भएको छ ।

प्रहरी नायब उपरीक्षक चन्देश्वर यादवका अनुसार उनले १३ जनासँग मिटर ब्याज चलाएर रु बीस लाख तेत्तीस हजार ठगी गरेको व्यहोराको उजुरी विगत डेढवर्षदेखि जिल्ला प्रशासन कार्यालयबाट प्राप्त भएको र त्यसपछि उनी पछि फरार भएका थिए । शनिबार पक्राउ परेका उनको ससुराली घरबाट रु एकहत्तर लाख चौवालीस हजार तीन सय पचास रुपैयाँको नौ थान कपाली तमसुक बरामद भएको हो ।

महोत्तरी र धनुषासहित पूर्वको झापा जिल्लासम्मका मानिससँग मिटर ब्याजको कपाली तमसुक गराएको नौ थान कपाली तमसुक प्रहरीले साह बस्दै आएको धनुषा जिल्लाको जनकपुर उपमहानगरपालिका- ७ ससुराली घरबाट बरामद गरेको हो । उनले रु ५० हजारका नौ लाखसम्मको कागज बनाएको, कतिको १२ गुणा बढीको कागज बनाएको र कतिलाई ब्याजको रकम माफ गरिदिन यौन प्रस्ताव गरेको तथा दर्जनौं बढी व्यक्तिको थातथलो हडपेको भनेर जिल्ला प्रशासन कार्यालयमा १४ जनाले उजुरी गरेका थिए ।

# बरहथवा खानेपानी पुनः सञ्चालनमा ल्याइने




**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, ६ भदौ

विगत पाँच वर्षदेखि बन्द रहेको बरहथवा खानेपानी योजनालाई पुनः सञ्चालनमा ल्याउने प्रक्रिया अगाडि बढेको छ। संविधानसभा सदस्य हरि उप्रेती, बरहथवा नगरपालिकाकी मेयर कल्पना कटुवाल, उपमेयर रामबाबु साह तथा जिल्ला खानेपानी सर्लाहीका इन्जिनियर शिव शंकर रौनियारको उपस्थिति तथा बरहथवा खानेपानी योजनाका अध्यक्ष दुखी महतोको अध्यक्षतामा बसेको बैठकले खानेपानी योजनालाई पुनः सञ्चालन गर्ने निर्णय गरेको हो ।

यस्तै बैठकले डिपिआर अनुसारको पाइप खरिद तथा जडान गर्ने, आयोजना मापदण्ड भित्रको सरसफाइ गर्ने, खानेपानी सेवा भित्रको बाटोहरुको मापदण्ड निर्धारण गर्ने र विधुतको बाँकी महसुल भुक्तानी गर्ने निर्णय गरेको अध्यक्ष महतोले जानकारी दिए । हाथिडन्डास्थित ६ कठ्ठा क्षेत्रफलमा रहेको उक्त योजनाले ३ सय ६५ घरधुरीलाई खानेपानी सेवा दिँदै अएको थियो ।

आर्थिक वर्ष २०७३/०७४ मा सडक विभागले नयाँरोडदेखि मधुवनीसम्मको सडक निर्माण गर्दा पाइपमा क्षति पुगेपछि खानेपानीको वितरण रोकिएको थियो ।

संविधानसभा सदस्य हरि उप्रेती र बरहथवा नगरपालिकाकी मेयर कल्पना कटुवालले खानेपानी योजना बरहथवाको सानको रुपमा रहेकोले यसलाई जसरी पनि संचालनमा ल्याउनुपर्ने बताए । प्रदेश सरकारका मन्त्री र संघीय सरकारका मन्त्रीलाई पनि खानेपानी सञ्चालनको विषयमा कुरा राखेको उनीहरुले बताएका छन् ।

# हवाई उद्धारपछि गर्भवतीको ज्यान बच्यो, शिशुको मृत्यु



बैतडी/मस-बैतडीकोसिगासबाट सोमबार हेलिकप्टरमार्फत उद्धार गरिएकी गर्भवतीको ज्यान बचेको छ। सिगास गाउँपालिका-६, थलाकी २० वर्षीया विन्दु धामीको उद्धारपछि ज्यान बचेको हो ।

नेपाली सेनाको हेलिकप्टरबाट उद्धार गरेर सुर्खेतको कर्णाली प्रादेशिक अस्पताल पुऱ्याइएकी विन्दुको ज्यान जोगिएको उनका श्रीमान् दीपेन्द्र धामीले जानकारी दिए। आमा विन्दुको ज्यान जोगिए पनि शिशुको भने मृत्यु भएको छ।

अस्पतालमा शल्यक्रिया गरेपछि विन्दु बाँचे पनि लामो व्यथाका कारण शिशुको गर्भमै मृत्यु भएको शल्यक्रियामा सहभागी चिकित्सकलाई उद्धृत गर्दै दीपेन्द्रले बताए। ‘लामो व्यथाले शिशुको गर्भ मै मृत्यु भएको भन्ने चिकित्सक बताएका छन् । मृतक शिशु छोरा रहेछ’ उनले भने ।

आइबारदेखि सुत्केरी व्यथा लागेकी विन्दुको सोमबार मात्रै हेलिकप्टरबाट उद्धार गरी सुर्खेत लगिएको थियो । समयमा खबर नगरिएकाले शिशुको मृत्यु भएकोप्रति बैतडीका प्रमुख जिल्ला अधिकारी सुरेश पन्थीले दुःख व्यक्त गरे । आइतबार थलाकाडा स्वास्थ्य चौकी पुगेकी धामी सुत्केरी हुन नसकेपछि तत्काल शल्यक्रिया गर्नुपर्ने भएपछि सोमबार उद्धार गरिएको हो ।

आइतबारदेखि सुत्केरी व्यथा लागेकी विन्दुको स्वास्थ्य अवस्था खराब हुँदै गएपछि जिल्ला अस्पताल लैजान सडक सुविधा नभएको र सडकसम्म पुऱ्याउन चार घण्टा बोकेर लैजानुपर्ने सो समयसम्म अत्यधिक रक्तस्राब हुने खतरा रहेकाले सुविधा सम्पन्न अस्पतालसम्म लैजान हवाई उद्धारका लागि आवश्यक समन्वय गरिदिन सिगास गाउँपालिकाले जिल्ला प्रशासन कार्यालयलाई अनुरोध गरेको थियो ।


## साउदीमा रोजगारको अवसर | कम्पनी: TAHA CHEF RESTAURANT TO SERVE MEALS
शहर: JIZAN

पूर्व स्वीकृत मितिः २०७९/०५/०५ चलानी नं.: ६०१८५८४२ LT. No.:267957

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 2 | 0 | स. काममा दक्ष | 1200 | ४०,६९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ १४ गते (30 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Niwida
NIWIDA CONCERN PVT. LTD.
Govt. Lic. No.: 711/064/065
Sinmangal-9, Kathmandu, Tel : 4470711, 4470811
E-mail: info@niwidaconcern.com,Web.: www.srgroupsa.com



## साउदीमा रोजगारको अवसर | कम्पनी: FAST FOOD CORNER TEA BUFFET
शहर: DAMMAM

पूर्व स्वीकृत मितिः २०७९/०५/०६ चलानी नं.: ६०१८५८५२ LT. No.: 269929

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Worker | 2 | 0 | स. काममा दक्ष | 1200 | ४०,६९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ ७ देखि १८ गते (23 Aug. to 3 Sept. 2022) सम्म हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Prastuti Recruitment Pvt. Ltd.
License No.: 1436/074/075
Basundhara, Near Nepal Electricity Authority Office-Kathmandu
Tel: 01-4988142 & 4963588 | Email: prastuti269.recruitment@gmail.com
Mobile: 9801090744 , 9803247447, 9862405157



## UAE मा रोजगार | कम्पनी: LEMON BUILDING CLEANING & GENERAL MAINTENANCE - BRANCH 1
शहर : AL AIN

पूर्व स्वीकृत मिति: २०७९/०१/२९ चलानी नं.: ६०१७९११८ LT. No.:262913 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Female Cleaner | 0 | 10 | स. काममा दक्ष | 900 | ३१,२०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ भदौ १४ गते (30 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Nepal Life Recrutiment Agency Pvt. Ltd.
Govt. Lic. No. 1476/074/075
Gaushala, Kathmandu, Nepal, , Tel:4490351, 4498920
Mob. : 98510 76290, 98010 76290, E-mail: nepallifera1476.2017@gmail.com



## कतारमा रोजगार | कम्पनी : TOP AND TOP SERVICE
शहर:DOHA

पूर्व स्वीकृत मितिः २०७९/०५/०६ चलानी नं.:६०१८५९२१ L.T. No.: 270015

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Accountant | 1 | 0 | सम्बन्धित काममा दक्ष | 3600 | १,२५,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 1 | 0 | | 1900 | ६६,०६३ | | | | | | | |
| 3. | Heavy Vehicle Driver | 1 | 0 | | 1900 | ६६,०६३ | | | | | | | |
| 4. | MANAGER | 1 | 0 | | 5700 | १,९८,१८९ | | | | | | | |
| 5. | Salesman | 2 | 0 | | 1300 | ४५,२०१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ १४ गते (30 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

MITHILA INTERNATIONAL SERVICE PVT. LTD.
श्रम इजाजत पत्र नं.: १०२७/०६८/०६९
P.O.Box No.: 11016, EPC 174, Tilganga-9, (Near Tilganga Hospital), Gaushala, Kathmandu, Nepal
Tel: 9813828296, 9803055121, 9851024839
E-mail: anjulayadav@hotmail.com, info@mithilagroup.com, Url: www.mithilaintlgroup.com



## साउदीमा रोजगार | कम्पनी: SABAYEK AL -MASA CONTRACTING EST
शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७९/०५/०६ चलानी नं.: ६०१८५८६२ L.T. No.:270056

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 4 | 0 | स. काममा दक्ष | 1000 | ३३,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ भदौ १४ गते (30 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

माउण्ट कञ्चन इन्टरनेशनल प्रा. लि.
श्रम इजाजत नं. ८६२/०६६/०६७
पि.ओ.बक्स: ८९७५, इ.पि.सि. ८१३, पिङ्गलास्थान-९,गौशाला
फोन: ४४८१०४१, ४४९९०९४, फ्याक्स: ४४८०७४५
Email: info@mountkanchan.com.np | Website: mountkanchan.com



## कतारमा रोजगार | कम्पनी : THE WORLD MASTERPIECES TRADING DECORATION
शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७९/०३/२३ चलानी नं.: ६०१८२७७५ LT. No.266890 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Decoration Engineer | 1 | 0 | सम्बन्धित काममा दक्ष | 4500 | १,५६,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Interview Design | 1 | 0 | | 4500 | १,५६,४६५ | | | | | | | |
| 3. | Labourer | 1 | 0 | | 1000 | ३४,७७० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ १२ गते (28 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

NEW ALFA H.R. SERVICES PVT. LTD.
श्रम इजाजत पत्र नं.: १०९०/०७३/०७४
Maharajgung-3, Kathmandu | Tel: 9851091508, 01-4721183, 01-4721184
E-mail: newalfahrs@gmail.com | Web.: www.newalfahrs.com



## मलेसियामा वैदेशिक रोजगार | कम्पनी : NEO SECURITY SDN BHD
शहर : Kuala Lumpur

पूर्व स्वीकृत मितिः २०७९/०३/२९ चलानी नं.: ६०१८३१९३ LT. No.: 267342 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 29 | 0 | स. काममा दक्ष | 1500 | ४२,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ १४ गते (30 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

New Shristi Oversease Pvt. Ltd.
Govt. Lic No.: 1036/073/074
New Baneshower, Kathmandu, Nepal | Phone No.: 01-4105125 | Fax: 4488085
Email: info@newshristiovs.com, shristinewoverseas@gmail.com, Website: www.newshristiovs.com



## मलेसियामा रोजगार | कम्पनी : TIGER EXCELLENT WOOD SB
शहर: JOHOR

पूर्व स्वीकृत मितिः २०७९/०५/०६ चलानी नं.: ६०१८५९२३ LT. No.: 270007

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 50 | 0 | स. काममा दक्ष | 1500 | ४२,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ १४ गते (30 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

लिम्को ओभरसिज प्रा. लि.
LIMCO OVERSEAS PVT. LTD.
श्रम इजाजत पत्र नं. ७९२/०६५/०६६
Koteshwor-35. Kusum Marg, Kathmadu, Nepal, Phone: 01-5199020, 5199526
Email us at: limco.hr@gmail.com, website; www.limco.com.np



## बैदेशिक रोजगारको अवसर | M. N. Goh Holdings Sdn. Bhd., Malaysia.

पुन:विज्ञापन । पूर्व स्वीकृती मिति: २०७९/०३/१० चलानी नं. ६०१८१९९३ LT No. : 265376

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Production Operator | 00 | 01 | साधारण | 1500 | ४२,५०३।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने रोजगारदाता कम्पनीले | कामदार आफैले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | नि:शुल्क |



अन्तरवार्ता : २०७९ भदौ १४ गते (30 Aug, 2022) यस प्रा. लि. को कार्यालय स्युचाटार कलंकी, काठमाडौंमा हुनेछ ।

रकि ईन्टरनेशनल प्रा. लि.
श्रम ईजाजत नं. ५६४/०६२/०६३
कलंकी, स्युचाटार, काठमाडौं, फोन: ०१-५२२४५०१, ५२२४५०३, ९८४२४१६३६७


## कर्जा चुक्ता गर्न तथा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ३५ दिने गोप्य शिलबन्दि बोलपत्र आह्वान गरिएको सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७८/११/११**
**दोस्रो पटक प्रकाशित मितिः २०७९/०५/०७**

यस संस्थाको तपशीलमा उल्लेखित तपाईको ऋण भाखा भित्र नतिरी संस्थाबाट पटक-पटक भएको मौखिक एवम् लिखित तर-ताकेता गर्दा पनि ऋण भुक्तानीको लागी पहल नगरी आलटाल गरी बस्नु भएकोले संस्थामा ऋर्ण तिर्न बुझाउनका लागी यो ३५ दिने सुचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र संस्थामा तिर्न बुझाउन पर्ने रकम दाखिला हुन नआएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५,संस्थाको विनियम तथा ऋण लिँदाको बखत संस्थामा गरेको ऋण तमसुक सर्त कबुलियतनामा बमोजिम तपाईले संस्थाको नाममा लेखाएर दिएको (दृष्टिबन्धक रोक्का) धितो लिलामीको प्रक्रिया अपनाएर धितो लिलामी गरी संस्थाको सर्म्पूण लेना रकम असुल उपर गरिने व्यहोरा जानकारी गरिन्छ । साथै संस्थाको साँवा ,व्याज र हर्जाना असुलीको सिलासिलामा उक्त कार्य सम्पन्न गर्ने क्रममा आएका अन्य खर्च समेत तपाईबाट लेना रकम सरह असुल उपर गर्ने व्यहोरा पनि जानकारी गराउदछौ । सो प्रक्रियाबाट संस्थाको सर्म्पूण लेना र कम असुल उपर नभएमा तपाई ऋणी तथा धनजमानत दिनेको घर-घराना,चल-अचल सम्पत्तिबाट प्रचालित कानुन-वमोजिम असुल उपर गरिने व्यहोरा समेत सम्बन्धित ऋणी तथा जमानीलाई यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

| क्र. सं. | ऋणीको तीनपुस्ते विवरण | ऋणीको फोटो | जमानत दिनेको विवरण | जमानीको फोटो | धितोको विवरण |
|---|---|---|---|---|---|
| १ | ऋणी :सुश्री मैयादेवी थापा<br>बुबा : केदारनाथ क्षेत्री<br>बाजे :पदम बहादुर थापा<br>ठेगाना :धरान-०७, सुनसरी |  | नामः विषु थापा क्षेत्री<br>बुबाः अर्जुन बहादुर थापा<br>बाजेः चन्द्र बहादुर थापा<br>ठेगानाः धरान ०७ सुनसरी |  | सुनाकोठी -२ ललितपुर<br>कि.नः ४३२<br>क्षे.फ. ०-५-२-० |

**लिलामी तालिका**
**मितिः २०७९ साल असोज ११ गते मंगलबार**
**स्थानः संस्थाको कार्यालय**
**समयः बिहान ११ बजे देखि दिउँसो ३ बजे सम्म**

**वचन बचत तथा ऋण सहकारी संस्था लि.**
डिल्लीबजार, काठमाडौ, फोन : ०१-४४३५७७९-०१-४४३४३२०
E-mail : savingbachan@gmail.com, web : www.bachansaving.com.np

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
७ भदौ २०७९, मंगलबार
23 August 2022, Tuesday

## सम्पादकीय

# गुमेको अवसर

जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादवले मधेश प्रदेशका मुख्यमन्त्री लालबाबु राउतको राजीनामा मागेका छन् । 'मुख्यमन्त्री स्वच्छता अभियान' र 'बेटी पढाउ, बेटी बचाउ' अभियानमा भ्रष्टाचार भएको पुष्टि भएपछि र त्यसमा मुख्यमन्त्री राउत मुछिएकाले यादवले राजीनामा मागेका हुन् । पार्टी अध्यक्षले नै राजीनामा मागेपछि मुख्यमन्त्री राउत नैतिक संकटमा परेका छन् । भ्रष्टाचारको आरोप इन्कार गर्दै आएपनि पार्टी अध्यक्षले मागेको राजीनामा टार्न सक्दैनन् । किनकि संसदीय प्रणालीमा पार्टीले फिर्ता गरेपछि व्यक्ति निर्णायक रहँदैनन् । भ्रष्टाचारको आरोप लागेको र पार्टी अध्यक्षले राजीनामा मागेपछि मुख्यमन्त्री राउतले अब पद टिकाउन थप प्रयत्न नगर्न राम्रो हुन्छ । राजीनामा दिएर अनुसन्धानमा सहयोग गर्न नै उचित हुनेछ ।

त्यसपछि अनुसन्धानका आधारमा दोषी ठहर हुनेछ, त्यसैआधारमा कारबाहीबारे निर्णय हुनेछ । त्यो निर्धारण अनुसन्धानमै भर पर्नेछ, अहिलेलाई सबैले अनुसन्धानलाई सहयोग गर्न नै उचित हुनेछ । सँगै, राजनीतिक नेतृत्वले संघीयता र संविधान कार्यान्वयन गर्न पाएको अवसर समेत गुम्नेछ । थप धरासयी हुनेछ । किनकि संघीय सरकार जस्तै प्रदेशहरूमा पनि पाँच वर्षे स्थीर सरकार संभव नरहेको तर्कमा बल पुग्नेछ । अझ मधेश प्रदेश सरकारलाई संघीयताको मानकका रूपमा समेत लिइएको थियो । मधेश आन्दोलनको भावना बमोजिम प्रदेशको नामाकरण भएको थियो, त्यो पनि लोकतान्त्रिक प्रक्रियाबाट । मुख्यमन्त्री राउतले प्रदेशको नामाकरण गराउन मतदानकै प्रक्रिया अपनाएका थिए । पहिलोपटक कुनैपनि नामको पक्षमा दुई तिहाइ नपुगेपनि दोस्रोपटक मतदानबाटै नामाकरण भएको थियो ।

अन्य प्रदेशमा भने तीन/तीन वटा सरकार फेरिनेदेखि सिंहदरबारकै निर्णय कार्यान्वयन गर्ने जस्ता प्रवृत्ति देखिएको थियो । तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का शीर्ष नेताहरूकै चाहनामा गण्डकी, लुम्बिनी, कर्णाली, बागमती, सुदूरपश्चिम नामाकरण भएको थियो । प्रदेशको राजधानी समेत शीर्ष नेताहरूको चाहनामा राखिएको थियो । तर मधेश प्रदेशले पाँच वर्षे स्थीरतासँगै संघीयताको भावना कार्यान्वयन गर्ने अपेक्षा थियो । त्यसबिपरीत यो प्रदेशमा भ्रष्टाचार प्रकरण र मुख्यमन्त्रीमाथि नै प्रश्न उठ्न पुगेको छ, जसले अन्य प्रदेशकै नियति यहाँ पनि देखिएको छ । सँगै, संविधानको महत्वपूर्ण अन्तर्वस्तु रहेको संघीयता बलियो बनाउने अवसर समेत राजनीतिक नेतृत्वले गुमाएका छन् । आम अनूभूति दिलाउने भन्दा पनि नकारात्मक धारणा सिर्जना गर्न बल पुगेको छ ।

# सर्वमान्य नेता प्रदीप गिरी

*राजनीतिक दलका सदस्य र नेताहरू प्रदीप गिरीजस्ता मानिसको महिमा गाउन चुक्दैनन् । तर, उनीहरूले देखाएको बाटोमा हिँडन चाहँदैनन् । किनभने सत्यको बाटो कठोर हुन्छ । सत्यको बाटो हिँडन चाहने मानिसले धेरै दुर्गम अवस्था भोग्नुपर्ने हुन्छ ।*

अग्रलेख



● किशोर नेपाल

मृत्युको अपेक्षा कसैले गर्दैन । त्यो जहिले पनि अनपेक्षित हुन्छ । हामी कसैले पनि प्रदीप गिरी यति छिटै दिवङ्गत हुनुहोला भनेर सोचेका थिएनौं । उहाँ उपचारका लागि भारतको मुम्बइमा हुनुहुन्थ्यो । हामी उहाँ छिटै निको भएर फर्किनु हुनेछ भन्ने अभिलाषामा बाँचेका थियौं । उहाँको निधन असामयिक थिएन । उहाँ उमेरको माथिल्लो हदमा हुनुहुन्थ्यो । यति हो कि, हाम्रो सोचाइमा उहाँको महाप्रस्थानको समय भएको थिएन । काललाई कसैले छल्न सक्दैन । प्रदीप गिरीले पनि त्यसलाई छल्न सक्नु भएन ।

अहिलेको जटिल राजनीतिक परिस्थितिमा प्रदीप गिरीको अनुपस्थिति सबैलाई खट्किएको छ । यो अस्वाभाविक होइन । आजको राजनीतिक परिदृश्यमा प्रदीप गिरी सर्वपक्षीय व्यक्तित्व हुनुहुन्थ्यो । उहाँ कांग्रेस पार्टीको टिकटमा चुनिएका सांसद भए पनि राजनीतिमा उहाँको सर्वमान्यता स्थापित भएको थियो । सबै दलका सदस्यहरु उहाँका कुरा सुन्दथे । उहाँका तर्कहरुको मनन् गर्दथे । उहाँका विचारहरुको कार्यान्वयन गर्न नसके पनि त्यसमा सहमति जनाउँथे । उहाँमा रहेको व्यापक ज्ञान, सिद्धान्तप्रतिको अविचलित निष्ठा, समाजवादी समाज निर्माणप्रतिको प्रतिबद्धता, निर्भिक र स्पष्टवादी स्वभावका कारण राजनीतिमा लाग्ने मानिसमा उहाँको ठूलो आकर्षण थियो । प्रतिनिधिसभा पटलमा अभिव्यक्त उहाँका विचारहरु सर्वदलीय आकर्षणका विषय हुन्थे । प्रदीप गिरीका विचार ओजस्वी त हुन्थे नै, सामाजिक हिसाबले पनि सन्तुलित हुन्थे । आफना विचारले समाजका सबै वर्ग र पक्षका मानिसलाई वशिभूत गर्नु सामान्य कुरा थिएन ।



*कांग्रेस पार्टीको टिकटमा चुनिएका सांसद भए पनि राजनीतिमा प्रदिप गिरीको सर्वमान्यता स्थापित भएको थियो । सबै दलका सदस्यहरू उहाँका कुरा सुन्दथे । उहाँका तर्कहरूको मनन् गर्दथे । उहाँका विचारहरूको कार्यान्वयन गर्न नसके पनि त्यसमा सहमति जनाउँथे । उहाँमा रहेको व्यापक ज्ञान, सिद्धान्तप्रतिको अविचलित निष्ठा, समाजवादी समाज निर्माणप्रतिको प्रतिबद्धता, निर्भिक र स्पष्टवादी स्वभावका कारण राजनीतिमा लाग्ने मानिसमा उहाँको ठूलो आकर्षण थियो ।*

देशका प्रतिष्ठित वरिष्ठ चिकित्सक मधु घिमिरे भन्छन्, ''मैले धेरै राजनीतिज्ञलाई जाँच गर्ने र हेर्ने मौका पाएको छु । प्रदीप गिरीको पकड नीतिमाथि रहेको छ । नीतिको कुरामा उनी गहिराइमा पुगेका छन् । उनी आजका भ्रष्ट चरित्रको राजनीतिबाट अलग छन् । उनले पदको मोह अँगालेका छैनन् । पदको होडबाजीले राजनीतिलाई दूषित पार्दछ । पदको मोह त्याग नगरेसम्म राजनीति चोखो रहन सक्दैन भन्ने मान्यता राख्दथे प्रदीप गिरी ।''

धेरैजसो वुद्धिजीवीहरु प्रदीप गिरीलाई बीपीपछिको सबैभन्दा प्रभावशाली मार्गदर्शकका रूपमा लिन्छन् । आजको राजनीतिको मुख्य समस्या भनेको यसमा नैतिक तत्वको अतिशय अभाव हो । अधिकारको दुरूपयोग तीब्र गतिमा आकासिएको छ । आदर्शका प्रारूप खजमजिएका छन् । परस्परमा अहङ्कारको लडाइँ चलिरहेको छ । राजनीतिमा लागेका मानिसले विनयशीलता गुमाउँदै गएका छन् । राजनीतिज्ञहरु असल कुराका पक्षमा आफूलाई उभ्याउन चाहँदैनन् । व्यक्तिगत स्वार्थको पोषणका लागि जस्तोसुकै गलत सम्झौता गर्न पनि पछि पर्दैनन् ।

राजनीतिक दलका सदस्य र नेताहरु प्रदीप गिरीजस्ता मानिसको महिमा गाउन चुक्दैनन् । तर, उनीहरुले देखाएको बाटोमा हिँडन चाहँदैनन् । किनभने सत्यको बाटो कठोर हुन्छ । सत्यको बाटो हिँडन चाहने मानिसले धेरै दुर्गम अवस्था भोग्नुपर्ने हुन्छ । उसका परिवारले दुःख पाउँछन् । सामाजिक उत्थानका लागि दुःख पाउने व्यक्तिको प्रशंसा होइन, जग हँसाइ हुन्छ ।

यो पंक्तिकार प्रदीप गिरीको सङ्गतमा आउँदा भर्खर १४ वर्षमा पाइला टेकेको थियो । त्यसपछिको यो लामो समयमा मैले प्रदीप गिरीको विचार र व्यक्तित्व समान पाएको छु । हो, उहाँका विचारहरु प्रखर भएका छन् । व्यक्तित्वमा निखार आएको छ र आवाजमा आधिकारिकता थपिएको छ । तर, उहाँको स्वप्नजीवी स्वभावमा कहिल्यै परिवर्तन आएन । उहाँले जस्तोसुकै खराव समयमा पनि असल समाजको सपना देख्नुभयो । परिवर्तनको अवश्यम्भावितामा उहाँको गहिरो विश्वास थियो । युवा शक्तिमा जागरण ल्याउन उहाँले थुप्रै काम गर्नु भएको छ । उहाँका योगदानका परिणामहरु छिटै देख्न पाइने आशा गरौं ।

प्रदीप गिरी बीपी कोइरालासँग त निकट हुनुहुन्थ्यो नै । उहाँको सम्बन्ध शहीद सरोजप्रसाद कोइरालासँग पनि प्रगाढ थियो । निर्दलीय पञ्चायत व्यवस्थाका गुण्डाहरु भारत भूमिमा पसेर कोइरालाको हत्या गरे । त्यो घटनाले प्रदीप गिरीलाई अत्यन्त बिह्वल बनायो । त्यतिखेर उहाँ बनारसमा अध्ययन गर्दै हुनुहुन्थ्यो । त्यो घटनापछि उहाँको जीवनमा नयाँ मोड आयो । तैपनि, उहाँले आफनो अध्ययन प्रक्रियालाई निरन्तरता दिनुभयो । जनमत सङ्ग्रहपछि नेपाल आउनु भएका प्रदीप गिरीले राजनीतिलाई नौलो दिशा दिनुभयो । बीपीको देहावसानपछिको अवस्थामा प्रदीपले नै वौद्धिक वहसको परम्परालाई निरन्तरता दिनुभयो ।

प्रदीप गिरी अब हाम्रा बीच हुनुहुन्न । उहाँ समानको कुनै अर्को पथ-प्रदर्शक पनि नभमा देखिएको छैन । समाजमा प्रतिदिन विकार फैलिएको छ । उहाँले राजनीतिमा धकेलेर अघि बढाएका थुप्रै व्यक्तित्वहरु नभएका होइनन् । तीमध्ये धेरै ओझेलमा परेका छन् । प्रदीप गिरीले बोक्नु भएको लोकतान्त्रिक समाजवादको मसाल कसैले न कसैले, ढिलो-चाँडो बोक्न त बोकी हाल्नेछन् तर समय घर्किदैछ । परिवर्तनका लागि अरु कति पुस्ता पर्खिनु पर्ने हो ? प्रश्न गम्भीर छ ।

## सामाजिक सञ्जाल



**- मुमाराम खनाल**

अधिकांश कांग्रेसी मित्रहरूले प्रदीप गिरीबाट शिक्षित, दिक्षित र प्रशिक्षित भएको दाबी गर्न थाल्नुभएछ । सीमामा रहेर बोल्नुहोला है, सत्ताधारी कांग्रेसजन नत्र गिरिजस्ता बिद्धान र सरल राजनीतिज्ञबाट शिक्षित र दिक्षितहरू सर्वसत्तावादी, लोभी र भ्रष्ट हुन्छन् भन्ने गलत सन्देश प्रवाहित होला ।



**- चन्द्र श्रेष्ठ**

जिउँदो रहदासम्म सत्यतालाई आत्मसात गरेर हातेमालोभन्दा पनि आलोचना गर्न बढी रूचाउने र मृत्यु पछि चाहिँ उदाहरणीय एवम् अतुलनीय देनको खानी भन्दै प्रसंशा गर्दै भावुक बनी दिने हाम्रो चरित्रमा नै खोट छ भन्दा खासै आपत्ति नहोला !



**- कृष्ण घिमिरे**

दार्शनिक तर, व्यवहारमा नउतारिएको आलोचना, बाँचुन्जेल खुब सुनिएको तर, चिन्तन मनन् नगरिएको बौद्धिकता, हिजो आर्यघाटमा खरानी हुँदै थियो । अध्ययन, विवेचना र अनुशरण नगरिने हुईयाँ प्रवृतिको राजनीतिमा गोही आँसु खुब बगे, न विगतमा मतलब गरियो न भविष्यमा गरिने छ । यी झुठा आँसु हुन् प्रदीप दाइ !



**- मनहरि तिमिल्सिना**

प्रदीप गिरीलाई बिम्ब मान्दा भन्न सकिन्छ- ख्यातिप्राप्त मान्छे र इतिहासको विख्यातीका निम्ति वरिष्ठ नेता, मन्त्री, सांसद, शानमान, धनदौलत, बंगला चाहिँदो रहनेछ । समाज र समकालीन पुस्ताले सम्झिने गरी सकारात्मक चिन्तन र निष्ठाको शिखर ढल्न नदिए पुग्दो रहेछ । जुन सबैभन्दा कठिन काम अवश्य हो ।




**- टेक नारायण पौडेल**

जाँदा जाँदै प्रदीप गिरीले नेतालाई थप एक कुरो सिकाएर गएछन्- उपचारमा एक पैसो पनि सरकारी खर्च नलिएर ! अधिकांश नेपाली नेताले प्रदीप गिरिबाट शिक्षित, दिक्षित र प्रशिक्षित भएको दाबी गर्न थालेका छन् । तर, अरू कुरो झैं यो कुरो पनि सिक्ने छैनन्, कन्फर्म !

# प्रदिप गिरी र निष्ठाको राजनीति

विचार



● खिमराज गिरी

लामो समयदेखि घाँटीको क्यान्सरको कारण ललितपुरको मेडीसीटी अस्पत्तालमा भर्ना हुनुभएका नेपाली कांग्रेसका बिद्धान, सालीन तथा भद्र नेता प्रदीप गिरीको गत शनिबार राति भएको दुःखद निधनले सारा नेपालीलाई स्तब्ध बनाएको छ । संसारको एक मात्र धुर्व सत्य भनेको मृत्यु नै हो । मृत्यु हरेक प्राणीको लागि अवश्यभावी छ । तर, फरक यतिमात्र हो कि, कसको मृत्युको मूल्य अर्थात् महत्व कति भन्ने कुरा उसको जीवनको समाजप्रतिको योगदान, नैतिक मूल्य, मान्यता, निष्ठा, आचरण, समाजप्रतिको व्यवहार, देशभक्तिको भावना, कुनै पार्टीमा लागेता पनि पार्टीगतभन्दा पनि राष्ट्रिय चिन्तनको भावना भएको आदिमा निर्भर रहन्छ । त्यस्तै स्व. प्रदीप गिरी लामो समयसम्म नेपाली कांग्रेसमा आवद्ध भएर सांसद भएर पनि राष्ट्रियताको सवालमा दलको साँघुरो घेराबाट सदैव टाढा रहे । उनी कुनै पार्टीको सदस्य भए पनि सडकमा होस् या सदनमा या त आफ्नै निवासमा, हरेक मानिससँग कुरा गर्दा सदैव विवेकको कुरा गर्दथे । उनका निकट मानिएका दुर्गा सुवेदीका अनुसार उनी विचारमा कम्युनिष्ट दर्शनसँग निकट थिए भने व्यवहारिक राजनीतिमा कांग्रेसमा थिए । कुनै पनि पार्टीका नेताको गलत प्रवृत्तिप्रति खुलेरै आलोचना गर्दथे चाहे आफ्नै पार्टीका नेताहरु किन नहुन । कयौं पटक सांसद भइसकेका गिरीलाई मन्त्रीको अफर आउँदासमेत मेरो योग्यता पुगेको छैन, योग्यता पुगेका मानिसहरुलाई मन्त्री बनाउनुहोस् भन्दथे । उनी राजनीतिमा लागेता पनि न उनमा पदको लोभ भयो, न त, धनको नै । उनको राजनीति भनेको सत्ता निरपेक्ष भएर मूल्य र मान्यताको राजनीति गर्ने, समयको आवश्यकतालाई बुझेर अगाडि बढ्न सक्ने र समाजवादी दर्शनलाई बुझेर आफ्नो जीवनपयोगी बनाउन सक्ने नेताकोरुपमा चिनिन्छन् ।

साहित्य तथा पत्रकारीता क्षेत्रमा निकै नै रुची राख्ने गिरी 'समता मासिक'को सम्पादकसमेत भएर काम गरेका थिए । रातभरी पढ्ने, मध्यान्हसम्म सुत्ने यो उनको अनौठो बानी थियो । हुन पनि एक प्रखर अध्ययनशील व्यक्तिले जहिले पनि एकान्तको मौनता रोजेको हुन्छ । उनको त्यो मौनता र एकान्तमा चिन्तन, मनन् र पठन गर्ने बानीको कारणले नै होला सायद, हरेक कुराहरुको बहसमा उनी अब्बलै कहलिन्थे । उनको जीवनको महत्वपूर्ण पक्ष भनेकै सादा जीवन उच्च विचार नै हो । जुन मानिसमा सादा जीवन जिउने बानी हुन्छ उसमा न धनको लोभ हुन्छ, न त पारिवारीक मोह नै । यदि धनको लोभमा मानिस फँस्दैन र सँधै लोभ, मोह, क्रोध, ईर्ष्या, र बैमनस्यताबाट टाढा रहन्छ भने उसको

*राजनीतिमा विचार चाहिन्छ र त्यो विचारलाई अघि बढाउने निष्ठावान आदर्श व्यक्तिको पनि आवश्यकता पर्दछ । नेपाली कांग्रेसले मात्र होइन सम्भवतः अन्य क्रान्तिकारी नेता हुँ भन्नेहरूले पनि प्रदिप गिरीबाट धेरै कुराहरूको ज्ञान लिनु जरूरी छ । पद, पैसा र शक्तिलाई नै सर्वस्व ठान्ने नेपालको राजनीतिको हिलोमाथि फक्रेको कमलको फुल थिए प्रदीप गिरी । वास्तवमा उनी विचार, निष्ठा र आदर्शको मिसाइल थिए ।*

जीवन सदा खुशी र सुखी हुन्छ नै । उनको जीवनको विशेषता पनि यहि नै थियो । तर, आज राजनीतिमा लाग्ने कतिपय नेताहरुको मूख्य उद्देश्य र पहिलो प्राथामिकता नै धन कमाउने भएको छ । धन भए सबै कुराको परिपुर्ति हुन्छ भनेर त आज देश भ्रष्टाचारको खाडलमा चुलुर्म्म डुबेको छ । समाजमा विकृति र विसंगतिको खाडल गहिरिँदै गएको छ ।

विशेष गरी राजनीतिमा लाग्ने नेता र कर्मचारीतन्त्र यति भष्ट भइदियो कि, जीवनमा पहिला आफु, आफ्नो परिवार त्यही पनि सात पुस्ताको लागि कमाउ धन्दा, नातागोता, त्यसपछि केही योगदान पार्टीको कार्यकर्तालाई जान्छ र बल्ल नगन्य प्रतिशत योगदान राज्यको लागि हुन्छ । यस्ता विकृति र विसंगतिको खाडललाई सदैव टाढाबाट हेर्ने दृष्टिकोण भएका स्व.नेता प्रदीप गिरीले जहिले पनि भन्ने गर्नुहुन्थ्यो कि, भारत र चीनको बिचमा रहेका हामीले परराष्ट्र सम्बन्धलाई समय सापेक्षरुपमा परिमार्जन गर्दै लैजानु पर्दछ । जबसम्म समाजमा गरिब र धनीबिचको खाडल गहिरिँदै जान्छ, तबसम्म वर्गीय राजनीतिको मार्क्सवादी सैद्धान्तिक र वैचारिक बहस र छलफललाई कसैले पनि नकार्न सक्दैन । यो सिद्धान्त कम्युनिष्ट शासकले आफुमा निहीत गर्नुपर्नेमा उनी पूँजीवादी पार्टीका कार्यकर्ता भएता पनि समाजमा वर्ग संघर्षको अपरिहार्यतामा बहस गर्ने मार्क्सवादी विद्यार्थी पनि थिए । मार्क्सवादी अध्ययनमा रुची राख्ने गिरीले लेनिनको जीवनीबारे लेख्नुभएको लेखबाट बामपन्थीहरु निकै नै प्रभावित भएका छन् । संविधानसभाको चुनावमा समानुपातिक सांसदमा चयन भएका गिरी २०७४ सालको चुनावमा सिराहबाट पुनः प्रतिनिधिसभामा निर्वाचित भएपनि सधैं लेखन र सामाजिक चिन्तनमा व्यस्त हुने गिरीले कहिल्यै मन्त्री हुने लोभ र लालचमा फँस्न चाहेनन् ।

राजनीतिमा विचार चाहिन्छ र त्यो विचारलाई अघि बढाउने निष्ठावान आदर्श व्यक्तिको पनि आवश्यकता पर्दछ । नेपाली कांग्रेसले मात्र होइन सम्भवतः अन्य क्रान्तिकारी नेता हुँ भन्नेहरुले पनि प्रदिप गिरीबाट धेरै कुराहरुको ज्ञान लिनु जरुरी छ । पद, पैसा र शक्तिलाई नै सर्वस्व ठान्ने नेपालको राजनीतिको हिलोमाथि फक्रेको कमलको फुल थिए प्रदीप गिरी । वास्तवमा उनी विचार, निष्ठा र आदर्शको मिसाइल थिए । हालको नागरिकता र सीमा सम्बन्धि विषयलाई लिएर उनले भनेका थिए, "सिक्किमलाई बुलेटले जितेपनि नेपाललाई ब्यालेटले जित्नुपर्दछ भन्दै योजना बनाउने इन्धिरा गान्धी हुन् र त तराइमा फर्जी नागरिकताको खेल भएको छ । यो कुरा नेपालका बुद्धिजीवीहरुले कहिले बुझ्ने ? अनि संसदमा सभासदले शब्दकोष पल्टाएर मात्र बस्ने होइन कि, तुरुन्त बोर्डरसाइड सुरक्षाको लागि तयारी गर्नुपर्‍यो !" अहिले आएर यही नागरिकता विधेयक सम्बन्धमा कति विवादको स्थिति पैदा भएको छ ।

त्यसैले धेरै नेपालीहरुले लामो समयदेखि राजनीतिक, सामाजिक, आर्थिक, धार्मिक तथा सांस्कृतिक क्षेत्रमा परिवर्तनको लागि धेरै नै त्याग गरेका छन् । हाम्रो जस्तो अविकसित समाजलाई हालको परिवर्तित स्थितिमा ल्याउनको लागि कयौं वीर योद्धाहरुले ज्यान गुमाएका छन् । आज कति अंगभंग भएर बसेका छन् । तथापी, राज्यले उनीहरु जिवीत छँदा न त केही दिन सक्छ, न त उनीहरुका आश्रीत परिवारलाई सहुलियत । यस्ता मानिसहरुको जीवन संघर्षमा नै बित्दछ र राज्यले पनि खासै चासो दिँदैन । तर, जब त्यस्ता व्यक्तिहरुको देहवासन हुन्छ तब अनेक व्यक्ति तथा राज्यले केही समय चर्चा परिचर्चा गर्दछन् र भजेका हुन्छन् कि, "स्वर्गमा बास होस्, बैकुण्ठ धाम जाउन्, उनी हरेक कुराहरुमा प्रखर व्यक्ति थिए आदि" । तर यस्ता कुराहरु जिवीत हुँदाको अवस्थामा ख्याल गरिएको भए आज देश किन बर्बादीको खाडलतिर मडारिन्थ्यो र ? तसर्थ, भन्न मन लाग्छ कि, के यस्ता मानिसहरुको इमान्दारीताको पहिचान दिन मृत्यु नै कुर्नु पर्दछ र ?

# एक वर्षमा १२ किलोमिटर मात्रै सडक कालोपत्र



**माधव बेल्वासे / मध्यान्ह**
चन्द्रौटा, ६ भदौ

शिवराज नगरपालिकाले एक वर्षमा १२ किलोमिटर सडक कालोपत्रे गरेको छ । आर्थिक वर्ष २०७८/०७९ मा ग्रामिण भेगबाट पूर्व-पश्चिम राजमार्गसँग जोड्ने गरी अधिकांश सडक कालोपत्रे भएका छन् ।

यस्तै नगरले ३१ किलोमिटर सडक ग्राभेल गरेको छ भने डेढ किलोमिटर आरसीसी सडक निर्माण गरेको छ । नगर क्षेत्रमा डेढ किलोमिटर नयाँ सडक निर्माण भएको प्राविधिक रामजी नेपालीले बताए । उनको अनुसार ६ वटा मोटरेवल पुल निर्माण भएका छन् । १६ वटा यात्रु प्रतिक्षालय, ९ वटा सामुदायिक भवन निर्माण, ४ वटा स्वास्थ्य चौकी भवन निर्माण गरिएको छ ।

सडक निर्माणले नागरिकहरुलाई आवतजावत गर्न सहज भएको नगरप्रमुख अजय थापाले बताए । नगरमा विगतमा पनि सडकहरु कालोपत्रे भएको र आगामी दिनमा पनि यसलाई निरन्तरता दिने थापाले बताए । 'सडक निर्माणसँगै गुणस्तरलाई प्राथमिकता दिनेछौं, सडक निर्माण भएपछि केहि वर्ष राम्रोसँग चलोस्' थापाले भने । 'नगरका कतिपय गाउँमा अझै पनि सडकको समस्या देखिएको छ, त्यसलाई समाधान गर्नतर्फ केन्द्रित छौं ।'

मेयर थापाले विशनपुर, लालपुर, विरपुर लगायतका गाउँहरुको सडक निर्माण गरिने बताए । शिवराज नगरवासीहरुको सहजताको लागि विगत ५ वर्षमा सडकलाई प्राथमिकता दिएर काम गरेको नगर उपप्रमुख शिवकुमारी थारुले बताइन् । सडक गुणस्तर हुनुपर्ने विषयमा आवाज उठीरहेकोले आफुले पनि निर्माण कम्पनी तथा प्राविधिकहरुलाई गुणस्तरमा ध्यान दिन आग्रह गरेको बताइन् ।

शिवराजका प्रत्येक वडामा सडक कालोपत्रे भएको वडा अध्यक्ष टेकलाल सापकोटाले बताए । शुरुका केही वर्षहरु नगरको बजेटको ठुलो मात्रा सडकमा लगाएको धेरै सडकहरु कालोपत्रे तथा स्तरोन्नती भएको सापकोटाको दावी छ । शिवराज नगरपालिका वडा १ मा थारु संग्रालय, शिवराज ५ मा सभा हल, लाइब्रेरी लगायतका संरचनाहरु निर्माण भएका छन् ।

# उपाध्यक्ष खाँद्वारा पदभार ग्रहण



**अजय मिश्र / मध्यान्ह**
कपिलवस्तु, ६ भदौ

मदरसा शिक्षा व्यवस्थापन समन्वय समितिका उपाध्यक्ष मौलाना मशहुद खाँले पदभार ग्रहण गरेका छन् । लुम्बिनी प्रदेशका शिक्षा तथा खेलकुद मन्त्री वसीउद्दीन खाँले उपाध्यक्षमा नियुक्तिको पत्र प्रदान गरेपछि उनले कार्यभार सम्हालेका हुन् ।

कार्यभार सम्हाल्दै उनले विभिन्न माध्यमबाट बधाई तथा शुभकामना व्यक्त गर्ने सबैलाई धन्यवाद् दिँदै मदरसाको हकहित तथा उर्दू भाषाको संरक्षणमा निरन्तर लागिरहने प्रतिबद्धता जनाए ।

लुम्बिनी प्रदेश सरकारले केही दिन अगाडि मात्रै प्रदेश स्तरीय मदरसा शिक्षा व्यवस्थापन समन्वय समितिको उपाध्यक्षमा कपिलवस्तुका खाँलाई मनोनयन गरेको थियो । उपाध्यक्ष खाँले मदरसा व्यवस्थापन, संरक्षण, शिक्षकको पेशागत संरक्षण लगायतका विषयमा सरकारको पटकपटक ध्यानाकर्षण गराउदै आएका थिए । उनको यो दोस्रो कार्यकाल हो ।


## विज्ञापन एजेन्सी एवं मिडिया कम्पनी विक्रीमा

चलिरहेको विज्ञापन सम्बन्धि कार्य गर्ने तथा मिडिया सम्बन्धि सम्पूर्ण कार्य गर्ने मिडिया कम्पनी विक्रिमा भएकोले इच्छुक महानुभावहरुले सम्पर्क गर्नुहोला ।

**केदार बि.जे.मिडिया प्रा .लि.**
चण्डोल–०४, काठमाडौँ
सम्पर्क नं.: ९८४०९००१७२, ९८६५७७१७३६, ९८१०१७१०७२


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**हकदावी सम्बन्धी सूचना**

प्रकाशित मितिः २०७९/०५/०७

यस कार्यालयमा मिति २०७४/०२/०३ मा दर्ता भएको **प्रा.लि. नं. २०६७८७** को **हिमालयन कर्णाली इन्स्टिच्युट प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।


## मलेशियामा रोजगार | कम्पनी: TBT FOOD INDUSTRIES SDN BHD, सहर: TELUK INTAN

पूर्व स्वीकृती मिति: 2022/08/09 चलानी नं: 60184938 LT. No. 268963

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 60 | 0 | स.काममा दक्ष | 1500 | ४२,८४८ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकलको शुल्क कति लाग्ने र कसले व्यहोर्ने | विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादि जिवन बिमा खर्च कसले व्यहोर्ने /कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्यानकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु ७००/– कामदारले तिर्ने | रु १५००/– कामदारले तिर्ने | नि:शुल्क |

**अन्तरवार्ता मेनपावर कार्यालय काठमाण्डौमा २०७९ भाद्र १४ गते (30th Aug, 2022) हुदैछ ।**

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य रुपमा लिनुहोला । २) आफु काम गर्न जाने मूलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) विदेश जानुअघि अभिमुखिकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ४) विदेश जानुअघि आफु जाने मूलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्रो संग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफुसँग सुरक्षित राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रर्वद्धन विभाग, बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**AAROHAN HUMAN RESOURCE PVT. LTD.**
Sinamangal-09, Kathmandu, Nepal, Phone: 01-4465606
Govt. Lic. No. 1428/074/075

## Saudi Arabia मा रोजगारको अवसर

१.कम्पनी.- ARC Advertising Company , Riyadh, Saudi Arabia

पूर्व स्वीकृती मिति २०७९।०५।०५ चलानी नं. ६०१८५८४९ LT.No. 269562

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Spray Painter | 01 | - | कामामा दक्ष | 1200 | ४०,८४५।- | ६ दिन | ८ घण्टा | क. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Labour | 01 | - | | 1200 | ४०,८४५।- | | | | | | | |

[illegible]

**अन्तर्वार्ता २०७९ भाद्र १४ गते (30 Aug., 2022) मेनपावर कार्यालय सिनामंगलमा हुनेछ ।**

[illegible]

**Al Ajeets Management & Outsourcing P. Ltd.**
सिनामंगल–९ पंचकुमारी मार्ग काठमाण्डौं, नेपाल, फोन नं. ४४७९३९०, ४४७९३९१

## मलेसियामा रोजगार | १. कम्पनी: NEWSTAR PROTECTION SDN BHD, शहर: JALAN

पूर्व स्वीकृत मिति: २०७९/०३/०१ चलानी नं.: ६०१८१०१७ LT. No.: 265099 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 30 | 0 | स. काममा दक्ष | 1500 | ४२,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: NEWSTAR PROTECTION SDN BHD शहर: JALAN
पूर्व स्वीकृत मिति: २०७९/०२/१२ चलानी नं.: ६०१७९८४४ LT. No.: 263706 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1500 | ४२,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

३. कम्पनी: EAGLE EYE SECURITY SDN. BHD. शहर: KUALA LUMPUR
पूर्व स्वीकृत मिति: २०७८/१२/२८ चलानी नं.: ६०१७७७२४ LT. No.: 261475 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1200 | ३४,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ भदौ १४ गते (30 August 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– रोजगारदाताले तिर्ने | रु. १,५००/– रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**एपोलो ओभरसिज सर्भिस प्रा. लि.**
इजाजत पत्र नं. ५८६/०६२/०६३, सामाखुसी, टाउनप्लानिङ, काठमाडौं, नेपाल
फोन: ४३६३६४८, ४३६४४०३
E-mail: appolooverseas111@gmail.com

## मलेसियामा रोजगार | १. कम्पनी: HUAT LAI BROILER BREEDERS SDN. BHD., शहर: MELAKE

पूर्व स्वीकृत मिति: २०७८/१२/१७ चलानी नं.: ६०१७७०३२ L.T. No.: 260858 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Poultry Worker | 1 | 0 | स. काममा दक्ष | 1200 | ३४,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: UCON ENTERPRISE (BP) SDN BHD शहर : JOHOR
पूर्व स्वीकृत मिति: २०७९/०५/०६ चलानी नं.: ६०१८५८८८ L.T. No.: 268409

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing | 18 | 0 | स. काममा दक्ष | 1500 | ४२,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

३. कम्पनी: REAL PAPER BOARD SDN.BHD. शहर : JOHOR
पूर्व स्वीकृत मिति: २०७६/१०/२८ चलानी नं.: ६०१५१५६३ L.T. No.: 232755 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Workers | 9 | 0 | स. काममा दक्ष | 1200 | ३४,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

४. कम्पनी: KYOGI PRECISION (M) SDN BHD शहर : Malysia
पूर्व स्वीकृत मिति: २०७९/०३/२० चलानी नं.: ६०१८२५३४ L.T. No.: 266494 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितुरमा २०७९ भदौ १४ गते (30 August 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– रोजगारदाताले तिर्ने | रु. १,५००/– रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**बज्र ह्युमेन रिसोर्सेज प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ५९७/०६२/०६३
जि.पि.ओ.बक्सः २३९०१, धोवीघाट, नयाँबाटो, ललितपुर, नेपाल, फोनः ५५५५८२३,
Email: info@bajrahrs.com, bajra_1@yahoo.com, bajrah@gmail.com | url: www.bajrahrs.com

## कतारमा रोजगार | कम्पनी: LEADERS CONTRACTING AND SERVICE, शहर: DOHA

पुर्व स्वीकृत मितिः २०७८/०६/१९ चलानी नं.: ६०१६४७९७ LT. No.: 247271 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३४,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Technician | 20 | 0 | | 2000 | ६९,५४० | | | | | | | |
| 3. | Carpenter | 4 | 0 | | 1200 | ४१,७३४ | | | | | | | |
| 4. | Gen Clean Worker | 0 | 20 | | 1000 | ३४,७७० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ भदौ १४ गते (30 August 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**C.D. Human Resources Pvt. Ltd.**
Kalimati Dol (Near Airport), Kathmandu
Tel.: 01-4586262, Fax: 4486263 | Mob.: 9851010834, 9851005776
Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np
Gov. Lic. No. 1048/073/74

## कतारमा रोजगारको अवसर | १. कम्पनी: ALGHROUP CLEANING, शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७९/०२/२६ चलानी नं.: ६०१८०६९४ LT. No.: 264571 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 48 | 0 | स. काममा दक्ष | 1300 | ४४,१८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: GLOBAL MECHANICAL ENGINEERING CO. WLL शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७८/११/०४ चलानी नं.: ६०१७४६१५ LT. No.: 258083 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plumber | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३८,२४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Assistant | 2 | 0 | | 1100 | ३८,२४७ | | | | | | | |
| 3. | Labourer | 1 | 0 | | 1000 | ३४,७७० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७९ भदौ १४ गते (30 August 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. कामामा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Indo Arab Manpower Pvt. Ltd.** (Skyking Placement (P.) Ltd.)
Jawalakhel-20, Lalitpur, Tel:5539268, 5539269, Fax: 5539259
Email: ktmskyking@gmail.com, Web: www.indoarabnepa.com
Gov. Lic no: 764/065/066

## साउदीमा रोजगार | १. कम्पनी: AHMED M. AL DABASH EST. FOR CONTRACTING, शहर: Riyadh

पूर्व स्वीकृत मितिः २०७९/०५/०६ चलानी नं.: ६०१८५८६४ L.T. No.: 269996

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | A Builder | 1 | 0 | स. काममा दक्ष | 1200 | ४०,६९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: MOHAMMED SAUD AL - SHARANI TRANSPORT शहर: DAMMAM
पूर्व स्वीकृत मितिः २०७९/०५/०६ चलानी नं.: ६०१८५८६५ L.T. No.: 269997

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Driver | 6 | 0 | स. काममा दक्ष | 1800 | ६१,०३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: AL-DAHSH FOR CAR BODIES FACTORY शहर: DAMMAM
पूर्व स्वीकृत मितिः २०७९/०५/०६ चलानी नं.: ६०१८५८६६ L.T. No.: 269998

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३३,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी: SADIQ TAQI AL KHAMIS GARMENTS FACTORY शहर: DAMMAM
पूर्व स्वीकृत मितिः २०७९/०५/०६ चलानी नं.: ६०१८५८९६ L.T. No.: 269995

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Tailor | 6 | 0 | स. काममा दक्ष | 1200 | ४०,६९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ १४ गते (30 August 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**एड्भेन्चर ह्युमन रिसोर्स प्रा. लि.**
ठेगानाः सितापाईला, काठमाडौं, नेपाल । फोन नंः ०१–५३८२५९०
श्रम ईजाजत पत्र नं. ७४५/०६४/०६५

## कतारमा रोजगारको अवसर | कम्पनी: KATARA TOWERS HOTELS, शहर: DOHA

